
# कार्प माछापालनको लागि बार्षिक कार्यतालिका

| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| १. | वैशाख | १. पोखरीमा पानीको गहिराई, दाना र मलको व्यवस्थापन गर्ने।<br>२. माछाको वृद्धि, रोगव्याधि जाँच र उपचार गर्ने।<br>३. कमन कार्प माछाको फ्राई र फिंगरलिङ्ग उत्पादन/खरिद तथा वितरण गर्ने।<br>४. कमन कार्प, सिल्भर कार्प, विगहेड कार्प र ग्रास कार्प माछाको प्रजनन, ह्याचलिङ्ग उत्पादन, वितरण तथा खरिद गर्ने।<br> <br>  |
| २. | जेष्ठ | १. सिल्भर कार्प, विगहेड कार्प र ग्रास कार्प माछाको प्रजनन, ह्याचलिङ्ग उत्पादन, वितरण तथा खरिद गर्ने।<br>२. दाना, मल र पानीको व्यवस्थापन गर्ने।<br>३. पानीको गुणस्तर जाँच गर्ने।<br>४. माछाको वृद्धि, स्वास्थ्य जाँच एवं उपयुक्त उपचार पद्धति अपनाउने।<br>५. सिल्भर कार्प, विगहेड कार्प, ग्रास कार्प र कमन कार्पको भुरा उत्पादन गरि विक्री वितरण वा खरिद गर्ने।<br>  |

| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| ३. | असार | १. सिल्भर कार्प, विगहेड कार्प, रहू र नैनी माछाको प्रजनन् तथा ह्याचलिङ्ग, उत्पादन गरी वितरण गर्ने वा खरिद गर्ने।<br>२. कमन कार्प, सिल्भर कार्प, विगहेड कार्प र ग्रासकार्प माछाको भुरा उत्पादन, वितरण वा खरिद व्यवस्थापन गर्ने।<br>३. दाना र मलको उचित व्यवस्थापन गर्ने।<br>४. पानीको गुणस्तर जाँच गर्ने।<br>५. माछाको वृद्धि जाँच गर्ने।<br>६. घाम नलागेको दिन र पानीको रंग अत्याधिक हरियो भएको अवस्थामा दाना नदिने।<br>७. पोखरीमा उपयुक्त पानीको स्तर कायम राख्ने ।<br>८. पोखरीको प्रवेशद्वार तथा निकासद्वारमा मसिना आँखा भएको जाली राखि जंगली माछा तथा झारपातको प्रवेशहुन नदिन उचित व्यवस्थापन गर्ने।<br>   |
| ४. | श्रावण | १. रहू, नैनी र भाकुर माछाको प्रजनन् तथा ह्याचलिङ्ग, उत्पादन गरी वितरण गर्ने वा खरिद गर्ने।<br>२. रहू, नैनी माछाको फ्राई/फिङ्गरलिङ्ग भुरा उत्पादन वितरण गर्ने।<br>३. माछा उत्पादनका लागि सिफारिस गरिएको मात्रामा दाना र मलखादको प्रयोग गर्ने।<br>४. पानीको गहिराई र गुणस्तर व्यवस्थापन गर्ने ।<br>५. माछाको वृद्धि जाँच गर्ने।<br>  |

| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| ५. | भाद्र | १. चरावाट माछा भुरा बचाउने।<br>२. सिल्भर कार्प, विगहेड कार्प, कमन कार्प, ग्रास कार्प, रहू र नैनी माछाको फिङ्गरलिङ्ग उत्पादन एवं भाकुर माछाको फ्राई भुरा उत्पादन वितरण तथा खरिद गर्ने।<br>३. पानीको गुणस्तर, दाना र मलको उचित व्यवस्थापन गर्ने।<br>४. माछाको वृद्धि जाँच गर्ने।<br>  |
| ६. | आश्विन | १. पानीको हरियोपनाको आधारमा मलखाद प्रयोग गर्ने।<br>२. दाना खाए नखाएको जाँच गर्ने यदि नखाएको भए सोही अनुसार दानाको मात्रा घटाएर दिने।<br>३. माछाको वृद्धि जाँच गर्ने।<br>४. पानीको गुणस्तर जाँच तथा उपचार गर्ने।<br>   |
| ७. | कार्तिक | १. माछाको स्वास्थ्य परिक्षण तथा वृद्धि जाँच गर्ने।<br>२. इ.यु.एस. रोगका लक्षण देखिएमा चुन र पोटासको प्रयोग गर्ने।<br>३. पोखरीको डिलमा रहेको रुखहरुलाई काटछाँट गरी पोखरीमा सुर्यको प्रकाश पर्ने व्यवस्था गर्ने।<br>   |


# कार्प माछापालनको लागि बार्षिक कार्यतालिका

| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| ८. | मंसिर | १. आवश्यकता हेरी प्राविधिकको सल्लाह अनुसार नयाँ पोखरी निर्माण गर्ने ।<br>२. पोखरीमा भएको खाने माछा बिक्री वितरण गर्ने।<br>३. ठुला साईजका माछा भुरा बिक्री वितरण गर्ने।<br>४. माछामा कुनै रोग देखिएमा नजिकको मत्स्य विज्ञहरुसँग परामर्श लिने।<br>५. ग्रास कार्प माउको लागी घांस छर्ने।<br>६. माउ माछा व्यवस्थापन (कमन कार्पको भाले-पोथी छुट्याउने) गर्ने। |




| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| ८. | पौष | १. नयाँ पोखरी बनाउन मत्स्य प्राविधिकहरु संग सल्लाह लिने र पोखरी बनाउन शुरु गर्ने।<br>२. खाने माछा बिक्री वितरण गर्ने।<br>३. माउ माछा व्यवस्थापन (कमन कार्पको भाले-पोथी छुट्याउने) गर्ने।<br>४. माछा भुरालाई चरावाट जोगाउन पोखरीमा जालीको प्रयोग गर्ने। |





| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| १०. | माघ | १. आवश्यक परेमा नयाँ पोखरी बनाउन सल्लाह लिने, खाने माछा बिक्री वितरण गर्ने।<br>२. पुरानो पोखरीको पानी सुकाएर मर्मत सम्भार तथा सरसफाई गर्ने।<br>३. आवश्यकता अनुसार चुनको प्रयोग गर्ने। (१५ कि.ग्रा./कठ्ठा: २५कि.ग्रा./रोपनी)<br>४. सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्प माउ माछा व्यवस्थापन गर्ने।<br>५. कमन कार्पको प्रजनन् गर्ने। |




| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| ११. | फाल्गुण | १. कमन कार्पको प्रजनन् गर्ने।<br>२. माछा भुरा बिक्री वितरण तथा खरिद गर्ने।<br>३. पुरानो पोखरी मर्मत तथा र नयाँ पोखरी निर्माण कार्य पुरा गर्ने।<br>४. पोखरीको प्रवेश तथा निकासद्वार मर्मत सम्भार गर्ने।<br>५. ग्रास कार्प माछाको माउलाई घाँस तथा उमारेको गहुं दानाको रुपमा दिने। |





| क्र.सं. | महिना | कार्य विवरण |
|---|---|---|
| १२. | चैत्र | १. पोखरीमा पानीको मात्रा र गुणस्तर व्यवस्थापन गर्ने।<br>२. माछा भुरा (कमन कार्पको ह्याचलिंग तथा फ्राई) को उत्पादन वितरण र खरिद व्यवस्थापन गरी स्टक गर्ने।<br>३. ग्रास कार्प माछाको प्रजनन गर्ने तथा ह्याचलिंग उत्पादन गर्ने।<br>४. पोखरीमा पानीको गहिराइ व्यवस्थापन गर्ने।<br>५. माछा भुराहरुलाई शत्रुजीव (चरा, भ्यागुतो, सर्प लगायतका जीव) बाट सुरक्षित राख्ने उपायहरु अपनाउने।<br>६. प्रजनन् समयमा माछाको अण्डा माथि सेतो कपास जस्तो ढुसी (Saprolegniasis) वा अन्य कुनैपनि रोगहरु देखापरेमा मत्स्य प्राविधिकहरु संग तुरुन्त परामर्श लिने। |






थप जानकारीका लागि केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र र सो अन्तर्गतका कार्यालयहरु, प्रादेशिक मत्स्य विकास केन्द्रहरु, प्रादेशिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयहरु, जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, स्थानीय तहमा रहेको पशु सेवा शाखाहरु र NARC अन्तर्गतका मत्स्य अनुसन्धान केन्द्रहरुमा सम्पर्क गर्न सक्नुहुनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
माछापोखरी, बालाजु, काठमाडौं
फोन नं.:०१-४९५०८३३ ईमेल: dofnep@gmail.com वेबसाइट: www.cfpcc.gov.np